१ नागरिकता, नागरिकता-विहिन, दोहोरो नागरिकता
नागरिकताः निश्चित देशको सदस्य = नागरिक हो भन्ने प्रमाण भएको।
नागरिकता-विहिनः कुनै देशले पनि नागरिकको मान्यता नदिएको।
दोहोरो नागरिकताः दुई वा सो भन्दा बढी राष्ट्रको नागरिकता धारण गरेको।

२ नागरिकता प्राप्ती, नागरिकता गुमाउनु, किका (आफ्नो देशको नागरिकता त्यागेर अरु देशको नागरिकता लिनु)
नागरिकता प्राप्तीः जन्म वा अन्य कारणले निश्चित देशको सदस्यताको प्रमाण प्राप्त गर्नु।
नागरिकता गुमाउनुः नागरिकता फिर्ता दिएर वा अन्य कारणले निश्चित राष्ट्रको सदस्यताको प्रमाण गुमाउनु।
आफ्नो देशको नागरिकता त्यागेर अरु देशको नागरिकता लिनेः विदेशीहरुले निश्चित देशको नागरिकताको लागि निवेदन दिएर, राष्ट्रले उक्त राष्ट्रको नागरिकता प्रदान गर्न राजी हुनु।

३ स्टाटस अफ रेजिडेन्स (निवास अनुमति), भिषा, राहदानी
स्टाटस अफ रेजिडेन्सः विदेशीहरु जापानमा वैध रुपमा बस्नको लागि अनुमति।
भिषाः विदेशीहरु देशमा प्रवेश गर्दा आवश्यक सिफारिश-पत्रको मान्यता निर्वाह गरेको प्रमाणपत्र (भिषा स्टिकर)। जापान राजदुताबास द्वारा जारी गरिन्छ।
राहदानीः विदेश यात्राको दौरान भ्रमण गर्ने देश र ट्रान्जिट बस्ने देशलाई आफ्नो राष्ट्रको नागरिकता आदि परिचयको प्रमाण दिएर, विदेशमा सुरक्षाको अनुरोध गर्नको लागि सरकारी निकायहरुले जारी गरेको सरकारी पत्र।

४ परिवार दर्ता, ज्युमिन-ह्यो (निवास कार्ड), जाइरियु कार्ड (रेजिडेन्स कार्ड), विशेष स्थायी निवासि प्रमाणपत्र
परिवार दर्ताः जापानिज नागरिकको नाता सम्बन्धि जापान सरकारले यथार्थ जान्नको लागि प्रत्येक घरको नाता सम्बन्धित कुरा दर्ता गर्ने प्रणाली।
ज्युमिन-ह्यो (निवास कार्ड)ः जापानिज नागरिक र मध्य तथा दिर्घकाल जापानमा बस्ने विदेशीहरुको बसाई सम्बन्धि जापान सरकारले यथार्थ जान्नको लागि प्रत्येक परिवारको बसाई सम्बन्धित कुराहरु दर्ता गर्ने प्रणाली
जाइरियु कार्ड (रेजिडेन्स कार्ड)ः मध्य तथा दिर्घकालको लागि जापानमा बस्ने विदेशीहरु (विशेष स्थायी निवासि बाहेक) को परिचय सम्बन्धि र बसाई सम्बन्धि प्रमाण देखाउनको लागि जारी गरेको, सधै साथमा लिएर हिड्नु पर्ने र निर्देशन गरेको बेलामा देखाउनु आवश्यक पर्ने कार्ड।
विशेष स्थायी निवासि प्रमाणपत्रः जापान निवासि कोरियन, कोरियन तथा अरु विशेष स्थायी

निवासिहरुको परिचय सम्बन्धि र बसाई सम्बन्धि प्रमाण देखाउनको लागि जारि गरेको र निर्देशन गरेको बेलामा देखाउनु आवश्यक पर्ने कार्ड।

५ प्रविधि, जिनबुनचिसिकी (मानविकी विशेषज्ञ) तथा (अन्तरराष्ट्रीय सेवा), उच्च-विशेषज्ञ पेशा, सीप, व्यवस्थापन तथा प्रशासन

प्रविधि, जिनबुनचिसिकी तथा कोकुसाई ग्योमुः व्यवसायिक, प्राविधिक क्षेत्रको काममा संलग्न विदेशीहरुको लागि निवास अनुमति।

उच्च-विशेषज्ञ पेशाः उच्च स्तरीय विशेषज्ञता भएको विदेशीको लागि नयाँ निवास अनुमति।

सीपः कौशल तथा गहिरो अनुभवको प्रयोग हुने काममा संलग्न विदेशीको लागि निवास अनुमति।

व्यवस्थापन तथा प्रशासनः उद्योग व्यवस्थापन र प्रशासन काममा संलग्न विदेशीको लागि निवास अनुमति।

६ जापानी नागरिकको पति वा पत्नी, एइज्युस्या (परमानेन्ट रेजिडेन्स), तेइज्युस्या, विशेष स्थायी निवासी

जापानी नागरिकको पति वा पत्नीः जापानिज सँग विवाह गरेको विदेशी, जापानी नागरिकको सन्तानको रुपमा जन्मेको विदेशी, जापानिजले धर्म सन्तानको रुपमा स्वीकार गरेको विदेशीको लागि निवास अनुमति।

एइज्युस्याः वसाई अवधि, वसाईको गतिविधिमा कुनै पनि किसिमको सिमा नटोकिएको निवास अनुमति।

तेइज्युस्याः जापानी मुलको वा विशेष कारणलाई ध्यानमा राख्दा प्रदान गरिने निवास अनुमति।

विशेष स्थायी निवासिः जापान निवासि कोरियन, कोरियन आदि तथा तिनीहरुको सन्ततिको मान्यता पाएकाहरुको वसाई अवधि, वसाई गतिविधिमा कुनै पनि किसिमको सिमा नटोकिएको निवास अनुमति।

७ रियूगाकु (विदेशमा गएर अध्ययन गर्नु), केनस्यू (तालिम), गिनोउ जिस्यू (सिपको व्यहारिक अभ्यास), तोकुतेई खाचुदोउ (विशेष गतिविधि)

रियूगाकुः निम्न माध्यमिक, माध्यमिक, उच्च माध्यमिक विद्यालय, विश्वविद्यालय, जापानीज भाषा स्कूल आदिमा अध्ययन गर्ने विदेशीहरुको लागि निवास अनुमति।

केनस्यूः व्यवहारिक तालिम(प्राक्टिकल) समावेश नगरिएको शिक्षकको लेक्चर मात्र लिने विदेशीहरुको लागि निवास अनुमति।

गिनोउ जिस्यू (सिपको व्यहारिक अभ्यास)ः जापानको उद्योग पेशा अन्तर्गतको सीप आदि मा प्रवीणता प्राप्त गर्ने विदेशीहरुको लागि निवास अनुमति हो र जागिरको करार सम्पन्न गरेको हुनु आवश्यक छ।

तोकुतेई खाचुदोउ (विशेष गतिविधि)ः न्याय मन्त्रीबाट छुट्टछुट्टै विदेशीलाई उक्त विदेशीले गर्न पाउने काम (गतिविधि) तोकिदिएको निवास अनुमति।

८ शरणार्थी, संरक्षण (आवेदक), आप्रवासी
शरणार्थीः आफ्नो देशमा भएको अत्याचार बाट भागेर, अरु देशमा संरक्षण माग्ने व्यक्ति।
संरक्षण (आवेदक)ः अरु देशमा भागेर सुरक्षा माग्नु, अझै औपचारिक रुपमा शरणार्थीको मान्यता नपाएको व्यक्ति।
आप्रवासीः आफ्नो देश बाट बाहिरेर अरु देशमा बसाई सर्ने व्यक्ति।

९ स्युरोउ सिकाकु स्योमेइस्यो (रोजगार अनुमति प्रमाणपत्र), सिकाकुगाई खाचुदोउक्योका (निवास अनुमति भन्दा फरक गतिविधि गर्न अनुमति)
स्युरोउ सिकाकु स्योमेइस्योः जापानमा बसेका विदेशीहरुले गर्न पाइने कामको विवरण लाई प्रमाणीत गर्ने कागजपत्र।
सिकाकुगाई खाचुदोउक्योकाः बसाईको मूल उद्देश्य भन्दा भिन्दै गतिविधि गर्न चाहेको बेलामा आवश्यक पर्ने स्वीकृति।

१० निवास अनुमति लिने, निवास अनुमतिको किसिम (प्रकार) परिवर्तन, निवास अनुमतिको अवधि नविकरण
निवास अनुमति लिनेः जापानको निवास अवधिमा जापानको नागरिकता त्यागेर विदेशी बनेको वा विदेशी जापानमा जन्मेको अवस्थामा, कुनै किसिमको नयाँ निवास अनुमति लिनु।
निवास अनुमतिको प्रकार परिवर्तनः अहिले भएको निवास अनुमति भन्दा भिन्दै किसिमको निवास अनुमतिमा परिवर्तन गर्ने।
निवास अनुमतिको नविकरणः अहिले भएको निवास अनुमतिको अवधि समाप्त हुनाले निवास अनुमति को किसिम परिवर्तन नगरिकन अवधि बढाउने।

११ देश निकाला, देश छोड्ने आदेश, प्रस्थान, पुनः प्रवेश अनुमति (रि-इन्ट्री परमिट)
देश निकालाः देश निकाला गरिनु पर्ने विदेशीहरुलाई बल प्रयोग गरेर जापान बाट बाहिर पठाउनु।
देश छोड्ने आदेशः देश निकाला प्रकृयाको अपवादको रुपमा, एक निश्चित अवस्थामा पुगेको विदेशीले आफ्नो पोल खुल्नु (खोलिनु) अगाडीनै अध्यागमन समक्ष स्वईच्छाले आफुलाई प्रस्तुत गरेर, आफ्नो देश फर्किने ईच्छा जाहेर गरेमा जेलमा नहालिकन देशमा फर्काईदिने प्रणाली।
प्रस्थानः विदेशीले अध्यागमन अधिकारीलाई जानकारी दिएर जापान छोड्नु।
पुनः प्रवेश अनुमतिः जापान मा बसेका विदेशीहरुले, जापान छोड्नु अगाडी जापान मा बस्न पाउने

अधिकारलाई कायम राखी आफ्नो देश वा तेश्रो मुलुकमा गएर, एक निश्चित अवधि भित्रमा पुनः जापानमा प्रवेश गर्नको लागि आवश्यक पर्ने अनुमति।

१२ निवासका लागि विशेष अनुमति, पुनःमुद्दा जानकारिको आवेदन

निवासका लागि विशेष अनुमतिः देश निकाला गरिनु पर्नेमा परेको विदेशीलाई न्याय मन्त्रीको स्वतन्त्रता अन्तर्गत विशेष निवास अनुमति दिने व्यवस्था।

पुनःमुद्दा जानकारिको आवेदनः देश निकालाको लिखित आदेश जारी गरीसकेको विदेशी प्रति नयाँ परिस्थिति श्रृजना भएर वा अरु कारणको आधारमा न्याय मन्त्री समक्ष दण्डको पुनरावलोकन गरी, निवास को विशेष अनुमतिको माग गर्ने प्रकृया ।

१३ जमानत, अस्थायी जमानत

जमानतः अपराध मामिलामा, थुनामा राखेको (थुनिएको) अवस्थामै दोषी मानिएको व्यक्तिलाई एक निश्चित अवस्थाको आधारमा अस्थायी जमानत दिनु।

अस्थायी जमानतः अध्यागमनले थुनामा राखेको (थुनिएको) कैदिलाई, एक निश्चित अवस्थाको आधारमा अस्थायी तवरमा कैदमुक्त गर्नु।

१४ प्रहरी, निरिक्षक, अध्यागमन सुरक्षा अधिकारी, अध्यागमन जाँच अधिकारी

प्रहरीः अपराध रोक्ने, दबाउने, सार्वजनिक सुरक्षा कायम गर्ने, अपराध अनुसन्धान आदीमा खटिने, सार्वजनिक सुरक्षा पेशामा लागेको स्थानिय सरकारी कर्मचारी वा सरकारी अधिकारी (प्रहरी कर्मि)। २०१४ सालको तथ्याङ्क अनुसार जापान भरीमा २८०,००० जना छन।

निरिक्षकः अपराध अनुसन्धान गरेर, अपराधिक मामिलाको अभियोग लगाउने व नलगाउने निर्णय गरी, अभियोग लगाएपछि अदालतमा अपराध साबित गर्ने आदी दायित्व पालना गर्ने साधारण सरकारी कर्मचारी। अटर्नी जनरल, वाइस-चिफ प्रोसिक्यूटर, सुपरिन्टेन्डेन्ट पब्लिक प्रोसिक्यूटर, प्रोसिक्यूटर, आसिस्टेन्ट प्रोसिक्यूटर गरी, २०१४ सालको तथ्याङ्क अनुसार जापान भरीमा २७०० जना छन।

अध्यागमन सुरक्षा अधिकारीः देश निकाला प्रकृया सम्बन्धी जाँच, पोल खोल्ने, हिरासत, कारागार भित्रको व्यवहार, स्वदेश फिर्ता पठाउने आदि कार्यभार वहन गर्ने सार्वजनिक सुरक्षा पेशामा लागेको सरकारी कर्मचारी (अध्यागमन अधिकारी)। २०१४ सालको तथ्याङ्क अनुसार जापान भरीमा १५०० जना।

अध्यागमन जाँच अधिकारीः देशमा प्रवेश तथा देशबाट प्रस्थान साथै निवास जाँच, देश निकाला प्रकृया मध्येमा मौखिक सुनवाई आदि, शरणार्थी मान्यता सम्बन्धि अनुसन्धान आदि गर्ने प्रशासनिक काम, निश्चित कामको सरकारी कर्मचारी (अध्यागमन अधिकारी)। २०१४ सालको तथ्याङ्क अनुसार जापान भरीमा २००० जना।

१५ पक्राउ, कैद, हिरासत

पक्राउः प्रमाण नष्ट गर्ने र फरार रोक्नको लागि, जाँच निकायले शंकास्पद व्यक्तिलाई पक्रने प्रणाली। सामान्यतया पक्रनु बाहेक रंगेहात पक्रनु/अर्ध-रंगेहात पक्रनु, तत्काल पक्रनु छन।

कैदः पक्राउमा परेपछि, प्रमाण नष्ट गर्ने र फरार रोक्नको लागि, शंकास्पद व्यक्तिलाई थूनामा राखेर (अभियोग लगाउन अगाडि हिरासतमा राख्ने), फेरी अभियोग लगाए पछि अभियुक्तलाई कैदमा राख्ने (अभियोग पछि कैद) प्रणाली।

हिरासतः जापानमा प्रचलित ७ किसिमको दण्ड मध्ये १ हो, कारावास (कारागारमा राखेर स्वत्न्त्रता हरण गर्ने दण्ड) को एक प्रकार। कैद भनेर गलत अर्थ लगाइन्छ तर कैद र हिरासतमा फरक छ। बढीमा २९ दिन सम्म बन्द गरिने अपराधिक कानूनमा हलका दण्डको श्रेणीमा पर्छ।

१६ अभियोग, गैर-अभियोग, अभियोग स्थगित

अभियोगः निरिक्षकले अदालतमा अपराधिक मामिलाको मुद्दा दायर गर्नु।

गैर-अभियोगः निरिक्षकले अदालतमा अपराधिक मामिलाको मुद्दा दायर नगर्नु।

अभियोग स्थगितः अभियोग लगाउन मिल्ने मामिला भएपनि, निरिक्षकको स्वतन्त्रतामा गैर-अभियोग बनाइदिने। वृहत अर्थमा गैर-अभियोगको एक प्रकार।

१७ हिगिस्या (शंकास्पद व्यक्ति), योउगिस्या (शंकास्पद व्यक्ति), अभियुक्त, प्रतिवादी, (अपराध) पीडित

हिगिस्याः कुनै ठोस अपराधको अपराधी भनेर शंकाको घेरमा पर्नुको कारण अनुसन्धानको लक्ष्य बनाईएको तर अभियोग नलगाईएको व्यक्ति।

योउगिस्याः माथि उल्लेखित हिगिस्याको अर्थले मेडियाले प्रयोग गरेको शब्द। कानूनी शब्द होइन।

अभियुक्तः अपराध मुद्दामा मुकदमा चलाईएको व्यक्ति। प्रोसिक्यूटरले सार्वजानिक मुद्दा चलाए (दायर गरेको) सँगै शंकास्पद व्यक्ति बाट अभियुक्मा परिणत हुनु।

प्रतिवादीः सिभिल कोर्टमा मुद्दा हालिएको प्रतिपक्ष व्यक्ति। मेडियाको भाषामा अपराधिक मामिलाको अभियुक्त पनि अर्थ लगाइन्छ तर कानुनी भाषामा मात्र सामाजिक अपराधको सम्बन्धित व्यक्ति जनाउछ।

(अपराध) पीडितः कुनै ठोस अपराधले गर्दा नोक्सान भोगेको व्यक्ति। वृहत अर्थमा अपराध वा सो-सरहको कार्यबाट हानी पुगेको व्यक्ति र त्यसको परिवार तथा शोक सन्तप्त परिवार जनाउछ। अपराधिक प्रकृया अपराधिक प्रकृया मा)"अपराधको शिकार भएको व्यक्ति (आदि)" भनि एक निश्चित वर्गमा पर्छ।

१८ वकील, साथमा रहने व्यक्ति, कार्यवाहक वकील

वकीलः अपराधी मामिलाको सन्दर्भमा शंकास्पद व्यक्ति, अभियुक्तको अधिकार र हितको सुरक्षा गर्ने जिम्मेवारी लिएको व्यक्ति।

साथमा रहने व्यक्तिः किशोर अपराधको सन्दर्भमा, किशोर-किशोरीको अधिकार र हितको सुरक्षा गर्ने जिम्मेवारी लिएको व्यक्ति।

कार्यवाहक वकीलः प्रत्यके क्षेत्रको बार आसोसिएसनले, समातिएको (पक्राउ, कैद) शंकास्पद व्यक्ति वा निज सँग सम्बन्धित व्यक्तिले उपस्थित भईदिनको लागि अनुरोध गरेमा, तुरुन्त खताइने वकील। कानुनी प्रणाली भित्र पर्दैन, बार आसोसिएसनले आफ्नो संस्थागत योजना र बजेतबाट चलाएको सिस्टम।

१९ जिक्केई (जेल सजाय), सिक्कोउयूउयो (दण्डको कार्यान्वयन स्थगित)

जेल सजायः अदालतमा अपराध साबित भएपछि दण्डको कार्यान्वयन तत्काल लागु गर्नु।

सिक्कोउयूउयोः अदालतले अपराध साबित गरेपनि दण्डको कार्यान्वयन तत्काल नगरीकन एक निश्चित अवधिको लागि दण्डको कार्यान्वयन स्थगित गर्नु।

२० विवाह, आन्तरिक विवाह, विवाह वाचा

विवाहः पुरुष र महिलाको आपसि सहमति बाट पति-पत्नी हुनु।

आन्तिरक विवाहः विवाह गर्ने उद्देश्य भएको र सामाजिक रुपमा पति-पत्नी जस्तो गरी बसेको तर वैवाहिक प्रकृया नगरेको अवस्था (लिभिइन्ग टुगेडर)।

विवाह वाचाः भविष्यमा विवाह गर्ने सहमति भएको।

२१ साखै सन्तान, धर्मपुत्र वा पुत्री, विशेष धर्मपुत्र वा पुत्री

साखै सन्तानः कानुनी रुपमा बाबु-आमा सँग रगतको नाता भएको भनि मान्यता प्राप्त बच्चा।

धर्मपुत्र वा पुत्रीः गोद लिएको कारणले वैध बच्चाको परिचय पाएको बच्चा।

विशेष धर्मपुत्र वा पुत्रीः ६ बर्ष मूनिको बच्चाको हितको लागि साखै बुबा-आमा सँगको सम्बन्ध विच्छेद गराई, घरायसी अदालत (फेमिली कोर्ट) को निर्णय बमोजिम धर्मपुत्र वा पुत्री हुनु।

२२ वैध बच्चा, नाजायज बच्चा

वैध बच्चाः कानुनी रुपमा वैवाहिक सम्बन्ध भएको पुरुष-महिलाबाट जन्मेको बच्चा।

नाजायज बच्चाः कानुनी रुपमा वैवाहिक सम्बन्ध नभएको पुरुष-महिलाबाट जन्मेको बच्चा।

२३ सहमतिबाट विवाह विच्छेद, मध्यस्थता बाट विवाह विच्छेद, सुनवाई बाट विवाह विच्छेद, मुकदमा

विवाह विच्छेद

सहमतिबाट विवाह विच्छेदः पति-पत्नी बिच सल्लाह गरेर सहमतिमा पुगि आवेदन पेश गरेर गरीने विवाह विच्छेद।

मध्यस्थता बाट विवाह विच्छेदः घरायसी मामिलाको अदालतको मध्यस्थता बाट हुने विवाह विच्छेद।

सुनवाई बाट विवाह विच्छेदः घरायसी मामिलाको अदालतमा मध्यस्थता नभएको अवस्थामा, उचित ठहरिएको बेला, मध्यस्थताको बदलामा सुनवाई बमोजिम विवाह विच्छेद गराउने।

मुकदमा विवाह विच्छेदः अदालतको फैसला बाट गरिने विवाह विच्छेद।

२४ बच्चा राख्ने अधिकार( अविभावक अधिकार), हुर्काउने अधिकार

बच्चा राख्ने अधिकारः नाबालिग बच्चाको हेरचाह र हुर्काउने अधिकार (शिक्षा दिलाउने अधिकार, बस्ने ठाउँ निर्धारण गर्ने अधिकार, अनुशासनमा राख्ने अधिकार आदि) र सम्पतिको रेखदेख सम्बन्धि आमाबाबु को अधिकार र दायित्व को सामूहिक शब्द।

हुर्काउने अधिकारः वास्तविक रुपमा बच्चाको रेखदेख गर्ने, सुरक्षा गर्ने, शिक्षा दिलाउने अधिकार र दायित्व। बच्चा राख्ने अधिकारमा अन्तर्निहित एक अंशलाई वहन गर्ने अधिकार र दायित्व।

२५ हुर्काउने, पढाउने खर्च, विवाह खर्च

हुर्काउने, पढाउने खर्चः "परिपक्क नभएको सन्तान" (बालिग उमेर भएको वा नभएको सँग सम्बन्ध नभएर, आर्थिक रुपमा आत्म-निर्भर नभएको सन्तान) को लालन-पालनको लागि आवश्यक खर्च। विवाहित अवस्थामा विवाह खर्चको एक अंशमा पर्छ तर विवाह विच्छेद पछि ( भू-पू पति पत्नीले) बाँडेर खर्च गर्नु पर्छ।

विवाह खर्चः वैवाहिक जिवनमा रहेको बेला पति-पत्नीले घर चलाउनको लागि आवश्यक पर्ने खर्च। गाँस, बास, कपडा, उपचार खर्च, मनोरञ्जन खर्च, परिपक्क नभएको सन्तानलाई हुर्काउने, पढाउने खर्च लाई समेटिएको र पति-पत्नीले संयुक्त रुपमा बाँडेर खर्च उठाउनु पर्छ।

२६ मानसिक क्षतिपूर्ति, सम्पतिको भागबण्डा

मानसिक क्षतिपूर्तिः मानसिक क्षतिको कारण क्षतिपूर्ति स्वरुप तिर्ने पैसा। विवाह विच्छेदको संदर्भमा, विवाह विच्छेद हुनाको क्रियाकलाप वा विवाह बिग्रिन बाध्य बनेको कारणले गर्दा पाएको मानसिक क्षतिको लागि तिरिने हर्जाना रकम भनि बुझाउछ।

सम्पतिको भागबण्डाः पति-पत्नीले वैवाहिक जिवनको दौरान जोडेको सम्पतिलाई विवाह विच्छेद भएको बेला बाँडेर लिनु (भागबण्डा गर्नु) ।

२७ उत्तराधिकार, वसीयत, आफ्नो भाग

उत्तराधिकारः व्यक्तिको निधन पश्चात सम्पति माथिको स्वामित्व आदि उत्तराधिकारीलाई अधिकार र दायित्व लिन लगाउने।

वसीयतः मर्नु अगाडी आफ्नो मृत्यू पश्चात सम्पति स्वामित्व कसो गर्ने भन्ने ईच्छा जाहेर गर्ने कुरा।कुरा)

आफ्नो भागः वसीयतमा लेखिएको कुरा लाई मतलब नगरी, कानूनी उत्तराधिकारीले (दाजु भाई, दिदी बहिनी बाहेक) कम्तिमा पनि पाउनु पर्ने सम्पतिको भाग।

२८ विमारीको अवस्था तोक्नु, विकलांगता रहनु, फाईदा गुमाउनु

विमारीको अवस्था तोक्नुः दुर्घटना वा घटनाबाट चोटपटक लागि, यो भन्दा बढी उपचारलाई निरन्तरता दिएपनि निको हुने आशा नरहेको अवस्था।

विकलांगता रहनुः विमारीको अवस्था तोकेपछि बाँकी रहेको मानसिक र शारिरीक चोट।

फाईदा गुमाउनुः दुर्घटना वा घटना नघटेको भए पीडितले पाउने जुन आर्थिक लाभ हो त्यो गुमाउनु परेको कारणले भएको क्षति।

२९ टाठ पल्टिनु, सबै खतम हुनु (दिवालिया)

टाठ पल्टिनुः व्यक्ति वा संस्था आर्थिक रुपमा बिग्रेर ऋण चुक्ता गर्न कठिन भएर, आर्थिक गतिविधिलाई निरन्तरता दिन नसक्ने भएको अवस्था।

सबै खतम हुनुः बृहत अर्थमा टाठ पल्टिनु नै हो। संकुचित अर्थमा टाठ पल्टिनु ( दिवालिया) सम्बन्धीत ऐन बमोजिम अदालतमा दिवाला निस्केको कार्यवाही शुरु गर्ने निष्कर्ष भएपछि, ऋणीको श्री-सम्पति सबै ऋणदाताहरुलाई समान रुपमा चुक्ता गर्ने हेतुले गर्ने प्रकृया।

३० श्रम अनुबन्ध

श्रम अनुबन्धः सामान्यतया कम्पनी र त्यहाँ काम गर्ने व्यक्ति बिचको प्रतिज्ञा, समझौता। तलब, काम गर्ने स्थान, काम गर्ने अवधि तोकिएको छ वा छैन आदी शर्तहरु निर्धारण गरिन्छ।

३१ ठेक्का, काम सुपुर्द, खटाउनु

ठेक्काः निर्धारित काम वाचा अनुसार समयमै सकाउने समझौता। काम को जिम्मा लिएको मान्छेले कसलाई काममा लगाउने, कसरी काम अगाडि बढाउने आदि कुरा स्वतन्त्र रुपमा निर्णय गर्न पाउने समझौता।

काम सुम्पिनुः ठेक्का जस्तैनै निर्धारित काम आदि पूरा गर्नको लागि अनुरोध गर्ने व्यक्ति ( "सुपुर्द गर्ने व्यक्ति" ) र त्यो काम गर्ने जिम्मा लिने व्यक्ति ("सुपुर्द गरिएको व्यक्ति" ) बिचमा गरिने वाचा करार।

खटाउनुः “काममा खटाउने” कम्पनी आदिले विशेष योग्यता भएको मजदुरलाई जागिरमा राखेर, यो काम गर्ने व्यक्तिको माग गर्ने कम्पनी आदि ( “खटाएर पठाउने ठाउँ” ) मा खटाउने, मजदुरले खटाएर पठाएको कम्पनीको आदेश बमोजिम काम गर्ने सम्झौता।

३२ राजिनामा, कामबाट निकालिनु, यातोईदोमे (श्रम सम्झौताको नविकरन नगर्नु)
राजिनामाः मदजुरले आफ्नो बिचारबाट जागिर छोड्नु।
कामबाट निकालनुः काम दिएको व्यक्ति (मालिक) ले एक तर्फिबाट मजदुरलाई काम छोड्न लगाउनु।
यातोईदोमेः काम गर्ने व्यक्ति र काममा राख्ने व्यक्ति बिच भएको श्रम समझौता अवधि जस्तै ६ महिना वा १ बर्ष भनेर तोकिएको अवस्थामा, सो सम्झौताको समय पूरा भएको बेला, काम दिने व्यक्ति (मालिक) ले श्रम सम्झौताको नविकरन गर्न अस्वीकार गर्नु।

३३ व्यवसाय शुरु
व्यवसाय शुरुः नयाँ व्यसाय शुरु गर्नु। कम्पनी स्थापना गर्ने तरिका र निजी व्यवसायको रुपमा व्यवसाय गर्ने तरिका छ। विदेशीले व्यवसाय शुरु गर्नको लागि जापान बस्ने अनुमति स्थायी बसोबासको रहेको खण्डमा कुनै किसिमको सिमा तोकिएको छैन। तर त्यस्तो अवस्था नभएको खण्डमा केही प्रतिबन्धहरु छन।

३४ ईनकम टाक्स (आयकर), रेजिडेन्स टाक्स, खाकुतेई सिनकोकु (जागिरेले कर भुक्तान गर्ने बेलाको एक प्रकृया)
आयकरः व्यक्तिको एक बर्षको आम्दानी (नाफा, मुनाफा) मा लगाईने राष्ट्रीय कर। आम्दानी दर अनुसार कर-दर निर्धारण गरेको छ।
रेजिडेन्स टाक्सः शहर, नगर, गाउँको निवास कर र प्रान्तको (दो, फु, केन) निवास कर को सामूहिक कर हो र शहर, नगर, गाउँले एकत्र गरेर सामूहि रुपमा उठाउने स्थानीय कर हो। जनवरीको एक तारीख मा निवास रहेको स्थानले कर लिन्छ।
खाकुतेई सिनकोकुः जागिरे (तलब लिने कर्मचारी) ले आयकर को घोषणा गर्नु (बताउनु)को साथै कर भुक्तान गर्ने बेलामा चलाउने प्रकृया हो। नियम अनुसार अघिल्लो सालको आम्दानीको भाग यो सालको फरवरी १६ तारीख बाट मार्च १५ तारीख भित्रमा खाकुतेई सिनकोकु फारम कर कार्यालयमा पेश गर्नु पर्छ।

३५ रोजगार बीमा
रोजगार बीमाः कम्पनीमा काम गर्ने व्यक्तिलाई कम्पनीले काम बाट निकालि दिएको बेला, राजिनामा गरेको बेला आदिमा एक निश्चित समय सम्म पैसा दिने सिस्टम। यसको लागि काम गर्ने व्यक्तिले

कमाई भएको बेलामा बीमा रकम तिरेर बस्नु पर्छ।

३६ रोउसाई होकेन (श्रम दुर्घटना बीमा)

रोउसाई होकेनः काम गर्ने व्यक्तिलाई काम गर्दै गर्दा चोटपटक लागेमा, कामको कारणले बिरामी परेमा, अफिस जाने-फर्किने क्रममा बाटोमा चोटपटक लागेमा, घाउ वा बिमारी निको पार्नको लागि उपचार खर्च आदि देशले व्यहोर्ने सिस्टम। त्यसैगरी काम गर्न नसकेर आम्दानी नभएको बेलामा देशले एक निश्चित रकम भुक्तान गर्छ।

३७ स्वास्थ्य बीमा र पेन्सन

स्वास्थ्य बीमाः मजदुर वा निजको परिवारको सदस्य बिरामी भएमा वा चोटपटक लागेमा उपचार खर्चको १० देखि ३० प्रतिशत मात्र आफुले व्यहोरेर चिकित्साको लाभ उठाउन सकिने सिस्टम। कम्पनी आदिमा काम गर्ने श्रमिकले (पार्ट टाईम कर्मचारीले पनि एक निश्चित आवश्यक शर्तहरु पूरा गरेमा) बीमाको लाभ उठाउन पाईने।

पेन्सनः बुढेसकालको सुरक्षा, असक्षम वा मृत्यू भएको अवस्थामा सामाजिक सुरक्षाको लाभ उठाउन पाउने सिस्टम। २० बर्षको उमरे पूरा गरेपछि (राष्ट्रीय पेन्सन) वा कम्पनीमा जागिर खाएको भए (जन कल्याण पेन्सन) को सदस्यता लिने।

३८ जिवन निर्वाह संरक्षण, सामाजिक भत्ता

जिवन निर्वाह संरक्षणः देशले गरिबीको कुन अवस्थामा छ सोहि अनुसार न्यूनतम जिवन निर्वाहको सुरक्षा दिएर आफ्नो खुट्टामा उभिनको लागि प्रोत्साहन दिने सिस्टम।

सामाजिक भत्ताः आम्दानी, उमेर, असक्षमता, परिवारको अवस्था आदि एक निश्चित शर्तहरु को आधारमा पैसा दिने सिस्टम।

३९ अनिवार्य शिक्षा, अध्ययनको उमेर, तेनन्यू (नयाँ स्कूलमा पढ्न आउनु), हेनन्यू (जापानको स्कूलमा सरुवा भएर आउनु)

अनिवार्य शिक्षाः ६ बर्ष उमेर पुरा भए पछि १५ बर्षको उमेर सम्ममा निशुल्क रुपमा लिन पाइन सामान्य शिक्षा। जनताले संविधान र कानुन अनुसार आफुले परिपोषण गर्ने बच्चालाई यो शिक्षा दिलाउने दायित्व पुरा गर्नु पर्छ।

अध्ययनको उमेरः अनिवार्य शिक्षा लिने उमेर। जापानमा हाल ६ बर्ष पुरा भएर १५ बर्षको हुने बेला सम्म।

तेनन्यूः अरु स्कूल (किन्डरगारडेन, प्राथमिक विध्यालय, निम्म माध्यमिक, माध्यमिक, उच्च माध्यमिक, विशेष सहयोग स्कूल, विश्व विध्यालयको साथै प्राविधिक कलेज) बाट कोर्सको बिचमा

नयाँ स्कूलमा पढ्न आउनु।
हेनन्यूः विदेशको स्कूल, कलेज वा जापान भित्रको विदेशी स्कूल बाट कोर्सको बिचमै जापानको स्कूलमा सर्ने कुरा।

४० अनुकूल मार्गदर्शन, जापानी भाषा सिकाउनु, मातृभाषाको समर्थन
अनुकूल मार्गदर्शनः विदेशबाट आएको बच्चाहरु जापानको स्कूले जिवन र चलन (प्रथा) मा अनुकूल हुन सजिलो पार्ने उद्देश्यले गरिने मार्गदर्शन र सहयोग।
जापानी भाषा सिकाउनुः विदेशबाट आएको बच्चाहरुलाई जापानीज भाषा प्रयोग गरी स्कूले जिवन बिताउन, अध्ययन गर्न सकिने बनाउने उद्देश्यले संचालन गरिने जापानी भाषा शिक्षण र सहयोग।
मातृभाषाको समर्थनः विदेशबाट आएको(विदेश सँग सम्बन्ध रहेको) बच्चाहरुको मातृभाषा, सँस्कृति बिर्सिन वा हराउन नदिन गरिने सहयोग।

४१ उच्च माध्यमिकमा जाने, विश्व विध्यालयमा जाने, प्रवेश परिक्षाको विषेश उपाय, प्रवेश परिक्षाको विषेश कोटा
उच्च माध्यमिकमा जानेः नियम अनुसार १५ वर्ष पूरा भएर माध्यमिक विध्यालय उत्तीर्ण गरेको वा सो सरहको मान्यता प्राप्त योग्यता भई, उच्च माध्यमिक विध्यालयको प्रवेश परिक्षा उत्तीर्ण गरेमा विध्यालयामा प्रवेश पाउँछ।
विश्व विध्यालयमा जानेः नियम अनुसार उच्च माध्यमिक विध्यालय उत्तीर्ण गर्ने वा सो सहरको मान्यता प्राप्त योग्यता भई , विश्व विध्यालयको प्रवेश परिक्षा उतीर्ण गरेमा विध्यालयामा प्रवेश पाउँछ।
प्रवेश परिक्षाको विषेश उपायः उच्च माध्यमिक विध्यालयको साधारण प्रवेश परिक्षाको समयमा, विदेश बाट आएको (विदेश सँग सम्बन्ध रहेको ) बच्चाहरुको भाषाको समस्यालाई कम गर्ने एक निश्चित उपाय।
प्रवेश परिक्षाको विषेश कोटाः विदेश बाट आएको (विदेश सँग सम्बन्ध रहेको) बच्चाहरुको लागि प्रवेश परिक्षाको कोटामा साधारण प्रवेश परिक्षाको भन्दा भिन्दै परिक्षा दिन पाउने कोटा। निर्दिष्ट विध्यालय र विश्व विध्यालयहरुले व्यवहारमा ल्याएको छ

४२ विदेशी स्कूल, अन्तरराष्ट्रिय विध्यालय, जातीय विध्यालय
विदेशी स्कूलः खास गरि विदेश सँग सम्बन्ध रहेको बच्चाहरुलाई लक्ष्य गरेर शिक्षा दिइने शैक्षिक संस्थाहरुको सामूहिक नाम।
अन्तरराष्ट्रिय विध्यालयः विदेशी स्कूल मध्यमा, विषेशगरि अंग्रेजी भाषा बाट कक्षा संचालन गरिने स्कूल।
जातीय विध्यालयः विदेशी स्कूल मध्यमा, विशेष जाती, देशमा केन्द्रित गरेर शिक्षा दिने स्कूल। राष्ट्रीय

स्कूल पनि भनिन्छ।

४३ चिकित्सा सुरक्षाको लागि अस्पताल भर्ती, अनिवार्यताको कारण अस्पताल भर्ती
दुवै भर्ती, मानसिक समस्याको कारणले अस्पताल मा भर्ना गर्नु आवश्यक छ, तर निजको सहमति नभएपनि जबरजस्ति अस्पताल मा भर्ना गर्ने अवस्था। चिकत्सा सुरक्षाको लागि अस्पताल भर्ती गर्ने कुरा निजको परिवार वा अभिभावकको सहमतिमा हुन्छ। अनिवार्यताको कारण भर्ना गर्ने सम्बन्धमा आफैले चोट पुर्याउने वा अन्य नोक्सान हुन सक्ने सम्भावना छ भन्ने निष्कर्ष आएमा अस्पताल भर्ना गरिन्छ। दुवै भर्तीको लागि मानसिक स्वास्थ्यको निर्देषित चिकित्सक ले परिक्षण गर्नु अनिवार्य हुन्छ।

४४ मानसिक रोग (स्नायु-विज्ञान) विभाग, मानसिक तथा शारिरीक रोग विभाग, स्नायु-रोग विभाग, मष्तिष्क शल्य विभाग
मानसिक रोग (स्नायु-विज्ञान) विभागः साधारण मानसिक रोगको उपचार गर्ने विभाग।
मानसिक तथा शारिरीक रोग विभागः विशेष गरेर मानसिक तथा शारिरीक रोगको जाँच गर्छ तर स्नायु-रोग र हलका डिप्रेसनको उपचार पनि गर्ने विभाग।
स्नायु-रोग विभागः ईन्सेफलाइटिस, न्युरैटिस आदि मस्तिष्क वा स्नायु सम्बन्धित शारिरीक रोगको जाँच गर्ने विभाग।
मष्तिष्क शल्य विभागः टाउकोको चोट, ब्रेन स्ट्रोक आदि परिक्षण गर्ने टाउको सम्बन्धि विभाग।

४५ मानसिक रोग, स्नायु रोग
मानसिक रोगः प्राचिन कालमा बहुला हुनु भनिने गरेको, सामान्य मानसिक अवस्था भन्दा फरक अवस्था हुनु हो। स्किड्जोफ्रिनय भन्ने एक किसिमको पागलपन र पागल-डिप्रेशनलाई यसको मुख्य रोगको रुपमा लिन सकिन्छ।
स्नायु रोगः मानसिक तनावको कारणले गर्दा निरन्तर रुपमा, विशेष किसमको मानसिक अवस्था वा शारिरीक रोग देखा पर्नु।

४६ मानसिक विकलांग, बौद्धिक विकलांग, राम्ररी बौद्धिक विकास नहुनु (बौद्धिक विकास विकलांग)
मानसिक विकलांगः सबै किसिमको मानसिक रोग हो, यसमा बौद्धिक विकलांग वा राम्ररी बौद्धिक विकास नहुनु पनि पर्दछ।
बौद्धिक विकलांगः राम्ररी बौद्धिक विकास नहुनु, आई क्यू (इनटेलिजेन्स क्युओटेन्ट) ७० भन्दा कम हुने अवस्था।
राम्ररी बौद्धिक विकास नहुनुः सुस्त मनस्थिति (राम्ररी बौद्धिक विकास नहुने) वा असपेर्गस लक्षण जस्ता व्यापक किसिमको र बोलिको विकास नहुनु (बोल्न जान्ने नहुनु) जस्ता विशेष किसिमका छन।

४७ घरेलु हिंसा, यौन दुर्व्यवहार

घरेलु हिंसाः घर भित्र हुने अत्याचार। एक किसिमको नराम्रो वा हिंसात्मक व्यवहार हो, उमरे, देश, लिंग, असक्षमता, आर्थिक अवस्था, स्थानिय वा जिवन शैली सँग सम्बन्धित छैन, परिवार वा सँगै जिवन यापन गर्ने व्यक्तिबाट हुने उत्पीडन हुनु हो।

यौन दुर्व्यवहारः अरुको ईच्छा विपरित यौनजन्य शब्द बोल्नु, विरोध गरेपनि त्यस्तो कार्य स्पष्ट रुपमा वा अस्पष्ट रुपमा गर्नु, त्यस प्रकारको यौनजन्य व्यवहार ले गर्दा मानसिक रुपमा वा जन-जिवनमा एक निश्चित आघात पुर्याउनु हो।

४८ यौन शोषण, बाल शोषण, इजिमे (रयाग गर्नु)

यौन शोषणः बलात्कार वा जबरजस्ती जस्ता शारिरीक अपराध कार्य, यौनजन्य शब्दले दुर्व्यवहार गर्नु, पछी लाग्नु, तथा निजको ईच्छा विपरीत यौन कार्य गराउनु।

बाल शोषणः बच्चालाई शारिरीक तथा यौनिक अत्याचार गर्नु वा वास्ता नगर्नु (लालन-पालन गर्न छोड्नु, संरक्षण गर्न छोड्नु), मानसिक आघात पुर्याउने कार्य।

इजिमे (रयाग गर्नु)ः मानिसको मर्यादा, गौरव, मानिस प्रतिको विश्वास लाई चकनाचुर गर्ने काम। प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा वा खुल्लमखुल्ला वा लुकाएर, एक्लैले वा सामूहिक रुपमा भन्ने कुराको मतलब छैन।

४९ **informed consent** (जानकारी लिएर सहमति जनाउनु)

**informed consent** (जानकारी लिएर सहमति जनाउनु)ः “विवरण सुनेर सहमति जनाउनु” भनेर अनुबाद गरेको छ। उपचार शुरु गर्नु अगाडि डाक्टरले विरामीलाई राम्ररी बुझाइदिएर, विरामीले आफ्नो ईच्छाले उपचारको लागि सहमति जनाउनु भन्ने जनाउँछ।

५० कल्चर शक्, क्रस-कलचर स्ट्रेस्,

कल्चर शक्ः अर्काको सँस्कृति हेरेर वा अनुभव गरेको बेलामा, चलन र विचार गर्ने तरिका आफ्नो देशको सँस्कृति सँग धेरैनै फरक पर्नाले हुने मानसिक तनाव वा अलमल्लमा पर्नु।

क्रस-कलचर स्ट्रेस्ः विभिन्न सँस्कृति बिचमा जिवन यापन गर्दा, फरक सँस्कृति पहिलो पटक देख्दा हुने स्ट्रेस् हो। अरु देशमा बसाँई सर्दा, अन्तर-राष्ट्रिय विवाह गर्दा, कामबाट विदेशमा सरुवा हुँदा, विदेशमा गएर अध्ययन गर्दा, विदेश भ्रमणमा जाँन्दा यस्तो स्ट्रेस् हुन्छ।

“यति त जानि राख्न चाहन्छु! विदेशीहरुको सल्लाहको लागि आधारभूत ज्ञान”

सुगिसावा मिचिको, सेकि सोउसुके, आबे यु सम्पादक (२०१५ साल) स्योउहाकुस्या

भाग ३ यति त जानि राख्न चाहन्छु ५० वटा शब्दावली सारांश मात्र अनुवाद